नेपाल सरकार

भूमि व्यवस्था,सहकारी तथा गरिबी निवारण मन्त्रालय

भूमि व्यवस्थापन तथा अभिलेख विभाग

# मालपोत कार्यालय, दोलखा

फोन : ०४९–४२११११९
फ्याक्स : ०४९–४२१०८२
email:
dolakha@dolma.gov.np

## सूचना ! सूचना !! सूचना !!!

**मिति :२०८२/०३/२४**

दोलखा जिल्ला साविक पवटी गा.वि.स. वडा नं. ४ बस्ने नरनाथको नाती नन्दराजको छोरा जगन्नाथ उप्रेतीका नाममा नापनक्सा भएको तपशिलको जग्गा दर्ता छुट भएकोमा निज जगन्नाथ उप्रेतीको मिति २०७४/०३/२७ मा मृत्यु भएको, मृतकको तिन श्रीमती मध्ये जेठी कृष्णमाया उप्रेती, माईली देवमाया उप्रेती र कान्छी कृष्ण कुमारी उप्रेती रहेकोमा जेठी श्रीमती र माईली श्रीमतीको मृत्यु भएको, जेठी श्रीमती तर्फ श्रीमती तर्फ ४ छोराहरु जेठो गणेश प्रसाद उप्रेती, माईलो काला उप्रेती, साईलो कृष्णराज उप्रेती, कान्छो कुमार उप्रेती र एक छोरी रहेकोमा छोरीको बिबाह भई अन्यत्र गएको, माईलो काला उप्रेतीको मिति २०५४/०३/१८ मा मृत्यु भएकोले निजको हकखाने सबैभन्दा नजिकको हकवाला एकमात्र श्रीमती हेम कुमारी उप्रेती रहेको, जग्गावालाको माईली श्रीमती देवमाया उप्रेतीको मिति २०५५/१०/१३ मा मृत्यु भएकोमा निजबाट एक छोरा दिनेश प्रसाद उप्रेती र दुई छोरीको जायजन्म भएकोमा छोरीहरुको बिबाह भई अन्यत्र गएको भनी शैलुङ गाउँपालिका १ नं. वडा कार्यालयको सिफारिस समेतका आधारमा जग्गावालाका जेठी श्रीमती तर्फका हकवाला गणेश प्रसाद उप्रेती, कृष्णराज उप्रेती, कुमार उप्रेती, हेम कुमारी उप्रेती, माईली श्रीमती तर्फका हकवाला दिनेश शिवाकोटी र कान्छी श्रीमतीको हकमा निज कृष्ण कुमारी उप्रेतीके नाममा जग्गादर्ता/नामसारी गरिपाउँ भनी माग निवेदन पेश भएको हुँदा उक्त जग्गाका वास्तविक जग्गाधनी को हुन ? उक्त कित्ता जग्गा सरकारी, सार्वजनिक, विर्ता वा गुठी अन्तर्गतको हो, होईन ? निवेदकहरु बाहेक अन्य हकदारहरु छन, छैनन् ? निवेदकका नाममा रैकर तर्फ छुट जग्गा दर्ता नहुनु पर्ने भए वा निवेदक बाहेक अरुको समेत हक लाग्ने भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्र स-प्रमाण दावी गर्न आउनु होला । अन्यथा कानून बमोजिम भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ ।

तपशिलः (फिल्डबुकको विवरण)

| क्षेत्र | वडा नं. | कि.नं. | क्षे.फ. | मोहीको | जग्गावालाको नाम, थर | विरह/प्रमाण संकेत | कैफियत |
|---|---|---|---|---|---|---|---|
| ताम्चेदुधपोखरी | १ | ३५३ | ०३२४० व.मी. | | जगन्नाथ उप्रेती गा.वि.स.पवटी वडा नं..४ बाबुः- नन्दराज बाजेः- नरनाथ | बाँझो/चाहार/ उपल्लोदिल्चेन | ५ नं. ना.टो. को नि.द.नं. ७ |
| ताम्चेदुधपोखरी | १ | ३४२ | ३६६१० व.मी. | | | बाँझो/चाहार/ उपल्लो दिप्चेन | ५ नं. ना.टो. को नि.द.नं. ७ जिल्ला बन कार्यालयको च.नं. ३२८ मिति २०५३/०५/२७ को पत्रले रोक्का |
| ताम्चेदुधपोखरी | १ | ३४३ | ००४२५ व.मी. | | | आलु/चाहार/ उपल्लो दिप्चेन | |

पुनश्चः-
निवेदकले सो जग्गाको ७ नं. फाँटबारी, साविक तिरो, साविक लगत प्रतिलिपि लगायत कागजात भुकम्पमा परि हराएको भनि निवेदनमा उल्लेख गरेको । यस कार्यालयमा रहेको साविक लगत अनुसुचि तथा ७ नं. फाँटबारी लगायतका कागजात द्वन्दको समयमा जलेको व्यहोरा समेत अवगत गराईन्छ । साथै नि.द.नं. ७ मा कसैको हकदावि/विरोध रहेमा प्रमाण सहित म्याद भित्र उपस्थित हुन आउनुहोला ।